

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २८० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ कार्तिक ११ गते आइतबार ❑ 27 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## 'अनियमितता गर्ने छुट कसैले पाउँदैन'

**पोखरापत्र संवाददाता**
पोखरा, १० कार्तिक

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले अनियमितता गर्ने जो कोहीलाई छुट नहुने बताउनुभएको छ।

एमाले कास्कीद्वारा शनिबार यहाँ आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले अनियमिततामा संलग्न जो कोहीलाई कानुनअनुसार कारबाही हुने बताउनुभयो।



भ्रष्टाचार र आर्थिक अनियमिततामा संलग्न जो कोहीलाई कानुन र विधिसम्मत ढंगले कारवाही हुने स्पष्ट पार्दै उहाँले देशमा अराजकता फैलाउने र सद्भाव खलबलाउने छुट कसैलाई नभएको बताउनुभयो । राष्ट्रको आवश्यकताअनुसार देशका प्रमुख राजनीतिक दल एक ठाउँमा भएको बताउँदै उहाँले आफूहरू कानुनका पक्षमा रहेको उल्लेख गर्नुभयो। हाम्रा चाडपर्वहरू सामाजिक सद्भावका आधार रहेको उल्लेख गर्दै नेता पोखरेलले यस्ता चाडपर्वले सामाजिक सद्भाव र एकतालाई मजवुद बनाउने बताउनुभयो । एमाले गण्डकी प्रदेश इन्चार्ज किरण गुरुङले लोकतन्त्रको विकल्प अरु हुन नसक्ने बताउँदै समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य पूरा गर्न निशारालाई चिर्दै अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

एमाले स्थायी कमिटी सदस्य एवम् गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले राजनीतिक प्रणालीलाई सुदृढ गर्दै सुशासनको अभियानमा लाग्नुपर्नेमा जोड दिनुभयो । नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले देश र जनताका पक्षमा एकाकार भएर लाग्नुपर्ने बताउँदै अदालतमा प्रवेश भइसकेका विषयलाई सडकबाट प्रभावित गराउन खोज्न नहुने बताउनुभयो।

## स्वास्थ्य सेवा पुर्‍याउनेगरी सरकारले काम गरिरहेको छ : सञ्चारमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
लमजुङ, १० कार्तिक

सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले हालको स्वास्थ्य सेवा महँगो भएको हुँदा गरिब जनताले मार खेप्नुपरेको बताउनुभएको छ । उहाँले स्वास्थ्यमा गरिब जनताको पहुँच पुग्नेगरी यस क्षेत्रलाई व्यवस्थित गर्न सरकार दत्तचित्त भएर लागेको स्पष्ट पार्नुभयो।

लमजुङ बेँसीसहर नगरपालिका-२ काफलडाँडा चिसापानीमा गाउँसहर स्वाथ्यचौकीको नवनिर्मित भवनको शनिबार उद्घाटन गर्दै सञ्चारमन्त्री गुरुङले नेपालमै किड्नी फेर्नेदेखि कलेजोको उपचार हुने गरे पनि धेरै महँगो भएको बताउनुभयो । उहाँले किड्नी र कलेजोजस्ता उपचारमा जनताको पहुँच पुर्‍याउन सरकारले लागिपरेको बताउनुभयो। सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरुङले भन्नुभयो, "सरकार नागरिकको स्वाथ्यप्रति गम्भीर भएकाले गाउँगाउँमा सेवा पुर्‍याउन प्रतिबद्ध छ। उपचार सेवा कसरी सस्तो बनाउन सकिन्छ, शुल्क घटाएर वा सरकार आफैँले बेहोरेर भन्ने विषयमा छलफल भइरहेको छ ।" जनताको जीवन बचाउन सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री गुरुङले नागरिकको जीवन रक्षालाई पहिलो प्राथमिकता राखिएको स्पष्ट पार्नुभयो । उहाँले गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नेतर्फ सरकार लागिरहेको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नेपाली जनतालाई अधिकार सम्पन्न बनाउन चाहन्छौँ: अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, १० कार्तिक

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेपाली जनताले प्राप्त गरेको अधिकारको रक्षा र थप विकासका लागि आफ्नो पार्टीले निरन्तर अभियान चलाउने बताउनुभएको छ।

माओवादी केन्द्रको वाग्मती प्रदेश समितिले शनिबार यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले आफ्नो पार्टी जनअधिकार संरक्षण गर्न लागिपरेको र थप अधिकार प्रदान गर्न उद्यत रहेको उल्लेख गर्नुभयो । उहाँले पूर्ववर्ती सरकारले विद्युत् व्यापार सम्झौता गरेको, आर्थिक विकास एवं सुशासनका पक्षमा प्रतिबद्ध भएर अभियान सञ्चालन गरेको तथा चीन र भारतसँग सुदृढ सम्बन्धको विकास गरी मुलुकको हितमा काम गरेको स्मरण गर्नुभयो।

पूर्वप्रधानमन्त्री दाहालले कुशासन र अनियमितताका विरुद्धमा निर्मम भएर प्रस्तुत हुन सरकारलाई आग्रह गर्नुभयो । आगामी निर्वाचनमा माओवादी एक्लै जाने स्पष्ट पार्दै उहाँले पहिलो पार्टी भएर देखाउने दाबी गर्नुभयो। विभिन्न समूहमा विभक्त माओवादी धारका पार्टीबीच पनि चाँडै एकता हुने उहाँले बताउनुभयो । उत्पादन अभियानलाई निरन्तर रूपमा अगाडि बढाउने र युवालाई रोजगारी प्रदान गर्ने बताउँदै अध्यक्ष दाहालले निर्वाचन प्रणालीका कारण अनियमितता बढेको हो भन्नुभयो। उहाँले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र पूर्ण समानुपातिक निर्वाचन प्रणाली नै मुलुकका लागि ग्राह्य भएको बताउनुभयो। सहकारी र लघुवित्त पीडितलेन्यायपाउनुपर्नेरदोषीमाथि कारवाही हुनुपर्नेमा उहाँको जोड थियो । पार्टीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले राजनीतिक परिवर्तनको महान् अभियान पूरा भएकाले आर्थिक विकासको अभियानलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले मजदुर र किसान वर्गको हितका खातिर नयाँ विशेषतासहितको समाजवादको आधार तयार पार्न पार्टीले विशेष प्रयास थालेको बताउनुभयो। आफ्नो पार्टी नेतृत्वको पूर्ववर्ती सरकारले देश र जनताका पक्षमा दूरगामी महत्वका काम गरेको विवरण पनि उहाँले सार्वजनिक गर्नुभयो । केन्द्रका उपाध्यक्ष अग्निप्रसाद सापकोटा, नेता हितमान शाक्य, यशोदा सुवेदी, दलित मुक्ति मोर्चाका अध्यक्ष दलजीत सिर्पाली, पूर्वमन्त्री रामेश्वर राययादव, परशुराम तामाङलगायत वक्ताले माओवादी केन्द्र सशक्त रूपमा अगाडि बढ्ने बताउनुभयो। आमसभामा अखिल नेपाल जनसांस्कृतिक महासङ्घका कलाकारले विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्नुभएको थियो । त्यसअघि राजधानीको विभिन्न स्थानबाट निस्केको जुलुस प्रदर्शनीमार्गमा पुगेर सभामा परिणत भएको थियो।

## पत्रकार लामिछाने प्रेस काउन्सिल सदस्यमा नियुक्त

**पोखरापत्र संवाददाता**
पोखरा, १० कार्तिक

पोखराका युवा पत्रकार केशवशरण लामिछाने प्रेस काउन्सिल नेपालको सदस्य नियुक्त हुनु भएको छ।

२०५६ सालदेखि पत्रकारितामा क्रियाशील लामिछानेलाई नेपाल सरकारका सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङको मन्त्री स्तरीय निर्णयबाट सदस्य नियुक्त हुनु भएको हो । पोखरा हटलाइन दैनिकबाट पत्रकारिता सुरु गर्नु भएको उहाँले नागरिक दैनिक, नेपाल समाचारपत्र दैनिक, समय साप्ताहिक, बबिसी मिडिया एक्सन, पोखराको पोखरा एफएम काम गरेको अनुभव रहेको छ । हाल उहाँ पोखराबाट प्रकाशित हुने समाधान दैनिकको सम्पादक



र काठमाडौंबाट प्रकाशित हुने अन्नपूर्ण पोष्ट दैनिकको गण्डकी ब्युरो प्रमुख हुनुहुन्छ । पोखराको गण्डकी विश्वविद्यालय र लेकसिटी कलेजमा पत्रकारिता विषय अध्यापन गराउदै आउनु भएको लामिछाने नेपाल पत्रकार महासंघ कास्कीका सल्लाहकार समेत हुनुहुन्छ । लामिछानेसँगै लमजुङका पत्रकार विजय अधिकारी पनि सदस्यमा नियुक्त हुनु भएको हो। उहाँहरुको कार्यकाल ४ वर्षको हुनेछ। प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ बमोजिम काउन्सिलमा १ जना अध्यक्ष र ९ जना सदस्य हुनुहुन्छ। नेपाल सरकारले बढीमा ४ वर्षका लागि नियुक्त गर्नसक्ने अध्यक्ष र सदस्यको नियुक्ति गर्ने व्यवस्था छ। नेपाल पत्रकार महासंघको अध्यक्ष पदेन-सदस्य, सूचना विभागका महानिर्देशक सदस्य-सचिव रहने गरी काउन्सिलको गठन हुन्छ।

प्रेस काउन्सिल पत्रकार आचारसंहिताको पालनाबाट मर्यादित, जिम्मेवार पत्रकारिताको विकास गर्ने, प्रेस स्वतन्त्रताको संरक्षण सम्वर्द्धन गर्दै पत्रकार आचारसंहिता पालना गर्न उत्प्रेरित गर्नुका साथै नेपाल सरकार र सञ्चार माध्यमका बिच पुलको रूपमा काम गर्ने जिम्मेवारी भएको संस्था हो।

## प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड बैज्ञानिक हुनुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, १० कार्तिक

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा शुक्रबार पोखरामा आयोजित रोयल्टी बाँडफाँडको बर्तमान प्रणालीको संरचना, आधार र ढाँचाको पुनरावलोकन सम्बन्धी अन्तरक्रिया तथा छलफलमा रोयल्टी बाँडफाँड बैज्ञानिक हुनुपर्नेमा जोड दिइएको छ।

कार्यक्रममा रोयल्टी बाँडफाँड समन्यायिक हुनुपर्नेमा त्यो हुन नसकेको बताउँदै वक्ताहरूले बर्तमान अवस्थामा रोयल्टी वितरणमा असमानता देखिएको धारणा राख्नुभयो । कार्यक्रमका अध्यक्ष एवम् राष्ट्रिय प्राकृतिक स्रोत वित्त आयोगका सदस्य डा.जुद्धबहादुर गुरुङले प्राकृतिक स्रोतको विद्यमान प्रतिशत निर्धारणको पुनरावलोकनका साथै आधारहरू तय गर्ने सन्दर्भमा सम्बद्ध पक्षहरूसँग छलफल एवम् अन्तरक्रिया बढाइएको बताउनुभयो।



प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड सम्बन्धमा पाँच/पाँच वर्षमा पुनरावलोकन गर्ने कानुनी व्यवस्था समेतलाई दृष्टिगत गर्दै आयोग अघि बढेको उल्लेख गर्दै उहाँले प्राप्त सुझावका आधारमा निष्कर्षमा पुगिने बताउनुभयो।

नेपालमा प्राकृतिक स्रोतको उपयोग गर्न सकिने धेरै सम्भावना रहेको बताउँदै उहाँले लौठ सल्लाको उपयोग, हाइड्रोजन इनर्जी आदिका माध्यमबाट आर्थिक समृद्धि हासिल गर्न सकिने धेरै आधारहरू रहेको जानकारी गराउनुभयो । कार्यक्रमका प्रमुख अतिथि एवम् गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री डा.टकराज गुरुङले जवसम्म वित्तीय रुपमा प्रदेश बलियो बन्न सक्दैन तबसम्म संघीयता बलियो बन्न नसक्ने जिकिर गर्नुभयो । विगतमा प्राकृतिक स्रोत सम्बन्धी ऐन बनाउँदा तीनवटा सरकारबीचको समन्वय हुन नसकेको बताउँदै उहाँले यसका लागि तीन तहको समन्वय अपरिहार्य भएको बताउनुभयो । रोयल्टी प्राप्त गर्ने सम्बन्धमा यसको दायरालाई फराकिलो बनाउँदै लैजानुपर्ने उहाँको भनाइ छ । गण्डकी प्रदेशका उर्जा, जलस्रोत तथा खानेपानी मन्त्री फणिन्द्र देवकोटाले संघीयताको मूल मर्म भनेकै प्रदेश भएको बताउँदै प्रदेश संरचनालाई आर्थिक, प्रशासनिकका साथै सबै किसिमबाट बलियो बनाउनुपर्ने धारणा राख्नुभयो । प्रदेशका उद्योग तथा पर्यटन मन्त्री मित्रलाल बस्यालले प्राकृतिक स्रोतको विद्यमान रोयल्टी वितरण समानुपातिक नभएको बताउँदै प्रभावित क्षेत्रमा पनि समानुपातिक वितरण हुन नसकेको उल्लेख गर्नुभयो । प्रदेशका बन तथा वातावरण मन्त्री भेषबहादुर पौडेलले रोयल्टी वितरणमा विभेद हुन नहुने बताउँदै संघ, प्रदेश र स्थानीय तहमा क्रमशः विद्यमान ५०/२५/२५ प्रतिशतलाई ३५/३५/३० प्रतिशतका रुपमा विभाजन गर्न सकिने सुझाव दिनुभयो । कार्यक्रममा वागमती प्रदेश नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष डा. कृष्ण देवकोटाले रोयल्टी वितरणका विद्यमान अवस्थाका साथै अन्य देशमा भैरहेका प्रयोगबारे जानकारी गराउनुभएको थियो । कार्यक्रममा गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा.कृष्णचन्द्र देवकोटा, सदस्य माया तिमल्सिना, सचिव बद्रीनाथ अधिकारी, निमित्त प्रदेश सचिव डिल्लीराम रिज्याल, आयोगका उपसचिव दीनेश भट्टराई लगायतले रोयल्टी वितरणको विद्यमान अवस्था र गर्नुपर्ने सुधारहरू लगायतमा आ आफ्ना धारणा राख्नुभएको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ । – विदुरनीति

**सम्पादकीय**

# सरकारलाई प्रचण्डको खबरदारी

प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)लेसत्ताबाट हटेको १०० दिनपछि सरकार बिरुद्ध सडकमा उत्रेको छासंसदको तेस्रो र चौथो दल माओवादी र रास्वपा सरकार विरुद्ध सडमा उत्रेर आफ्नो शक्ति देखाएका छन । माओवादीले शनिवार खबरदारी सभाको नाम दिएर राजधानी काठमाडौंमा शक्ति प्रदर्शन गरेको छ । माओवादीले जुलुस निकाल नेता-कार्यकर्ता परिचालन गरेको छ । माओवादी केन्द्र बागमती, उपत्यका विशेष र सम्पर्क समन्वय प्रदेश समितिले खबरदारी सभा आयोजना गरेका थिए ।जसको मुख्यवक्ता अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड थिए ।

अहिलेको सरकार र कांग्रेस-एमालेका नेताहरूले पार्टीकेन्द्रित निजी स्वार्थ र भ्रष्टाचारको प्रक्रियालाई अगाडि बढाएको आरोप लगाउँदै प्रचण्डले त्यसविरुद्ध जनदबाब दिन र त्यसलाई रोक्न खबरदारी सभाको आयोजना गर्नुपरेको दाबी गरे । माओवादीले काठमाडौं उपत्यकामा आफ्नो वास्तविक शक्ति कति छ भन्ने आंकलन गर्न आयोजना गरेकोजस्तो देखिन्थ्यो । चार दिनको छोटो तयारी भएपनि उल्लेख्य उपस्थिति भएको भन्दै अध्यक्ष प्रचण्डले सबैलाई धन्यवाद दिएका थिए । सडकमा प्रतिपक्षी रास्वपाले दिनहुँजसो प्रदर्शन गर्दै आएको छ ।

सभामा प्रचण्डसँगै वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, प्रवक्ता अग्निप्रसाद सापकोटा, नेता हितमान शाक्यलगायत प्रायः सबैले सरकारविरुद्ध जेहाद छाडेका छन । आफ्नो नेतृत्वको सरकारले सुशासनको क्रान्ति थालेको दाबी गर्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका प्रचण्डले अहिलेको सरकारले त्यसलाई बिथोलेको आरोप लगाए । उनले कांग्रेस र एमालेका नेताहरूलाई खबरदारी पनि गरेका थिए । सम्बोधनका क्रममा अध्यक्ष प्रचण्डले कांग्रेस-एमालेका नेताहरूलाई 'जाली-फटाहा' भन्न भ्याए । उनले 'जाली-फटाहा'सँग यसअघि गरेको गठबन्धन गल्ती भएको भन्दै अब सच्चिने प्रतिबद्धता व्यक्त गरे ।

हामी जाली-फटाहासँग लाग्दा केही बिग्रेका थियौं, तर अब हामी जनतासँगै छौं । हामी अलिअलि जनतासँग कट्न थालेका थियौं, अलिअलि बिग्रन थालेका थियौं, कांग्रेस-एमालेले गठबन्धन गरेपछि हामी जनतातिर फर्किन पायौं । प्रचण्डले आफू सुध्रिने पटक-पटक दाबी गर्ने गरेका थिए । प्रतिनिधिसभाको बैठकमा पनि धेरैपटक उनले माओवादी केन्द्र सुध्रिएको बताउने गरेका छन् । प्रायः बोल्ने कुनै मञ्च पाउनासाथ उनले माओवादी केही बिग्रिएको र अब सच्चिने प्रतिबद्धता जनाउन छाड्दैनन् । उनले शनिवार पनि त्यसै गरे । सरकार बाहिर रहँदा चर्का कुरा गरेर भित्र भित्र तिनै संग सत्ता फेरबदलको खेल खेल्ने गरेका छन । काङ्ग्रेस र एमालेसँग सत्ता सहकार्य गरेर अबसर पाएका प्रचण्डले अब ती दुई दलसंग सहकार्य नगर्ने भनाइ उहीँ पुरानो शैली हो ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शुभ यात्रा | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मुस्ताङको सौन्दर्य चित्रमा ...

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० कार्तिक

कलाकारले मुस्ताङको प्रकृति, संस्कृति र मौलिकतालाई चित्रमा उतारेका छन् ।

अन्तर्राष्ट्रिय पर्वतीय कला महोत्सवमा सहभागी कलाकारले स्थलगत भ्रमण गरी देखेका दृष्यलाई चित्रमा उतारेका हुन् । मुस्ताङका पाँचवटा गाउँमा पुगेका कलाकारले स्थलगत रुपमा कला प्रदर्शनी गरेका महोत्सवका संयोजक त्रिपल पि गुरुङले जानकारी दिनुभयो । यही कात्तिक ३ गतेदेखि सुरु भएको महोत्सव शुक्रबार ठिनीमा समापन गरिएको हो । "महोत्सवमा सहभागी कलाकारले जोमसोम, ठिनी, कागबेनी, मुक्तिनाथ, झोङ, झारकोट, तिरीको अवलोकन गर्दै चित्र कोर्नुभयो", संयोजक गुरुङले भन्नुभयो, "महोत्सवले मुस्ताङको पारम्पारिक सङ्गीत, नृत्य र विभिन्न सांस्कृतिक परम्परालाई चित्र कलामार्फत विश्वभर प्रचार गर्न सहयोग पुगेको छ ।"

परम्परागत सङ्गीत, नृत्य र सांस्कृतिक परम्परालाई चित्रकार माझ बाँड्ने र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यलेमहोत्सवआयोजनागरिएको उहाँले बताउनुभयो । महोत्सवमा सहभागीहरूले मुस्ताङका गाउँ, जनजीवन, हिमाल, पशुपालन, संस्कृति, कृषि, गुम्बा, मन्दिरको चित्र कोरेका थिए । कलाकार मनोज तामाङले कल्पना गरेको भन्दा आफैँले देखेको विषयवस्तुलाई चित्रमा उतार्न सजिलो र वास्तविकता जस्तै भएको बताउनुभयो । स्थानीयवासीका साथै विदेशी पर्यटकहरूले चित्रकारहरूले चित्र कोरेको अवलोकन गरेका थिए ।

महोत्सवमा सहभागी हुन थाइल्यान्डका डिरेक किङ्नक र काराज डब्लुएसपी, पोल्यान्डका इवा क्रुएजकोस्का, रोमानियाका स्टेफन बालोग, भुटानका जामपेल छेदा, इन्डोनेसियाका एमी गोर, ताइवानका छेङ हान वेनलगायतका अन्तर्राष्ट्रिय कलाकार मुस्ताङ आउनुभएको थियो ।

नेपालका कलाकार सिर्जन राजभण्डारी, एरिना ताम्राकार, हरेराम जोजु, एनबी गुरुङ, वाङ लामा, ध्वज गुरुङ, मनोज तामाङ, नवीन नाल्बो र आकाश गुरुङ पनि महोत्सवमा सहभागी हुनुभएको थियो । महोत्सवमा आउटडोर चित्रकला कार्यशालासँगै फोसिल हन्ट एन्ड स्टोन आर्ट, साउन्ड हिलिङलगायत विभिन्न सांस्कृतिक र साङ्गीतिक कार्यक्रम गरिएको थियो । हरेक साँझ फरक फरक स्थानमा काठमाडौं अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव (किम्फ) को संयोजनमा घुम्तीरुपमा हिमाली क्षेत्रका चलचित्र प्रदर्शन गरिएको संयोजक गुरुङले बताउनुभयो ।

# पर्यटनबाट समृद्धि सम्भव छः महासचिव गुरुङ

**पोखरापत्र संवाददाता**
लमजुङ, १० कार्तिक

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरुङले पर्यटनबाट समृद्धि सम्भव रहेको बताउनुभएको छ ।

तनहुँको आँबुखैरेनी गाउँपालिका-२ स्थित पर्यटकीयस्थल ऐनापहराको आज भ्रमणपछि महासचिव गुरुङले पर्यटनलाई रोजगारीसँग जोडेर अगाडि लैजानुपर्नेमा जोड दिनुभयो । नेपाल प्राकृतिक सम्पदाले भरिपूर्ण रहेको जनाउँदै महासचिव गुरुङले पर्यटन क्षेत्रको विकासमा स्थानीय तहले गरेको कार्य प्रशंसनीय रहेको बताउनुभयो । गाउँपालिकाले ऐनापहरामा पर्यटन पूर्वाधार निर्माण गरी पर्यटक आकर्षित गर्ने खालका गतिविधि बढाएकामा उहाँले खुसी व्यक्त गर्नुभयो । गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले यस क्षेत्रलाई पर्यटकीय गन्तव्यस्थल बनाउन पूर्वाधार निर्माण गरिएको जानकारी गराउनुभयो । चुमानले ऐनापहरालाई गण्डकी प्रदेशकै पर्यटकीय गन्तव्यस्थल बनाउने अभियानमा लागिएको बताउनुभयो । उहाँका अनुसार गाउँपालिकाले यहाँ रहेका ढुङ्गामा आकृति खोपेपछि यस ठाउँमा घुम्न आउनेको सङ्ख्या बढेको छ । यहाँ दैनिक तीन सयभन्दा बढी पर्यटकले भ्रमण गर्ने गरेको चुमानको भनाइ छ ।

उहाँले भन्नुभयो, "यसै रहेका ढुङ्गालाई कलात्मक बनाएर पर्यटकलाई थप आकर्षित बनाउन यो कामलाई अगाडि बढाइएको हो ।" झरना झरेको ठाउँको ढुङ्गामा गणेशको आकृति बनाइएको छभने झरना नजिकैको ढुङ्गामा आमा र बच्चा तथा परीको आकृति बनाइएको छ । ऐनापहरामा उद्यान निर्माणका लागि गत आर्थिक वर्षमा रु एक करोड ४० लाख बजेट विनियोजन गरिएको थियो । गाउँपालिकाले यस ठाउँमा स्काई साइक्लिङ र सिसाको पुल बनाउने योजना अगाडि सारेको छ । सर्वसाधारणको सुविधाका लागि शौचालय गत वर्ष नै निर्माण भइसकेको छ ।

# ड्रोनबाट सामान ढुवानी

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० कार्तिक

अन्नपूर्ण गाउँपालिकाको पर्यटकीयस्थल मोहरेडाँडामा पाँचकिलोभन्दा कम तौलका दैनिक उपभोग्य हलुका सामान ढुवानी गर्न ड्रोन प्रयोग भएको छ ।

ड्रोन प्रयोग गरेर अन्नपूर्ण गाउँपालिका-८ नागीबाट सोही वडाको पर्यटकीयस्थल मोहरेडाँडामा सामान ढुवानी गरिएको सो गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो ।

राष्ट्रिय आविष्कार केन्द्रले बनाएको ड्रोन प्रयोग गरिएको हो । "केन्द्रका प्राविधिक टोलीले शुक्रबार र शनिबार नागीबाट मोहरेडाँडामा ड्रोनमा झुण्ड्याएर सामान पठाएर परीक्षण गर्नुभएको थियो", उहाँले भन्नुभयो, "पहाडी र विपद् प्रभावित क्षेत्रमा औषधि र उपभोग्य अत्यावश्यक सामान ढुवानी गर्न ड्रोन उपयोगी देखिए ।" मोहरेडाँडालगायतपर्यटकीयस्थलमा सामान ढुवानीका लागि ड्रोनको प्रयोगलाई निरन्तरता दिन आविष्कार केन्द्रका अध्यक्ष डा महावीर पुनसँग समन्वय भएको अध्यक्ष पुनले बताउनुभयो ।

# आदर्श सहकारीको १७औं साधारणसभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १० कार्तिक



आदर्श बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-१३, आर्वाको १७औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ ।

सभाको उद्घाटन गर्दै पोखरा महानगर पालिका वडानं १३का वडा अध्यक्ष कीरण बरालले सहकारीले गरेको आर्थिक गतिविधी हेर्दा आफुँ सन्तुष्ट भएको जानकारी दिए । उनले वडानं १३ मा सञ्चालन भएका सबै सहकारीहरु समस्याग्रस्त नरहेको भन्दै सहकारीको निति नियममा रहेर सञ्चालन भएका कारण ढुक्क भएर व्यवसाय सञ्चालन गर्न आव्हान गरे । सहकारी सञ्चालनको कार्यविधिमा टेकेर अगाडी बढेका कारण आदर्श सहकारीले शेयर सदस्यहरुलाई राम्रो मुनाफा दिएकोमा खुशी व्यक्त गरे । कार्यक्रममा सहकारीका संस्थापक अध्यक्ष कृष्णप्रसाद बरालले सहकारीले गरेका गतिविधि प्रति खुशी व्यक्त गरे । विशेष अतिथि प्राईम कमर्शियल बैंक लि. गण्डकी प्रदेश प्रमुख बुद्धिराज बरालले सहकारीले खराव कर्जा घटाउने तथा लगानीका नयाँ अवसरहरु सिर्जना गर्नु पर्ने बताए । "सहकारी सञ्चालन गर्दा शुसासन र पारदर्शिता अनिवार्य हुनुपर्ने भन्दै प्रमुख बरालले जोखिम मोलेर लगानी गर्नु भन्दा तरलता बढेको राम्रो" उनको सुझाव थियो । बरालले, "अब सहकारीले दिर्घकालीन योजना बनाई हरेक शेयर सदस्यहरुको सहभागितामा बचत तथा ऋणको अवस्था हेरेर कारोवारलाई अगाडी बढाउन सल्लाह दिए । कार्यक्रममा शेयर सदस्यहरु सुमित्रा बराल तथा युवराज बरालले पनि शुभकामना मन्तब्य ब्यक्त गरेका थिए ।"

आदर्श बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष राजेन्द्रप्रसाद बरालको अध्यक्षतामा भएको साधारण सभामा अध्यक्ष बरालले प्रस्तुत गरेको वार्षिक प्रतिवेदनमा वचत नीति, नगद परिचालन नीति, ऋण नीति, कर्मचारी नियमावली तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्यविधी बनाई यसै आर्थिक वर्षदेखि लागु गरिने लगायतका प्रस्तावहरु सभाबाट सर्वसम्मत पारित भएको छ । सभामा सचिव सूर्यप्रसाद बराल द्धारा प्रस्तुत सचिवको प्रतिवेदन, कोषाध्यक्ष बसन्तराज बराल द्वारा प्रस्तुत आर्थिक प्रतिवेदन, लेखा समिती संयोजक कृष्णराज बराल द्वारा प्रस्तुत लेखा समितिको प्रतिवेदन सर्वसम्मतीले पारित गरिएको थियो ।

कार्यक्रममा ८४ वर्ष पुगेका जेष्ठ नागरिक सम्मान अन्तर्गत कृष्णप्रसाद बराल, शेयर सदस्यहरुका छोरा / छोरी मध्ये यस वर्ष उत्कृष्ट नं ल्याई कक्षा १२ उतिर्ण हुने रबिन्द्र देवकोटा तथा अपार कुईकेल, अशल वचत कर्ता राजु परियार, अशल ऋण कारोवारी नवराज बराल, अशल कृषी व्यवसायी शंकरबहादुर बराल, अशल उद्योगी व्यवसायी राम / लक्ष्मण बराल तथा उत्कृष्ठ कर्मचारी अनिता अधिकारी पहारीलाई नगद पुरस्कारबाट सम्मानित गरिएको थियो । सहकारीका शिक्षा उपसमिति संयोजक घनश्याम बरालले सहकारीका सात सिद्धान्त वाचन गरेको कार्यक्रममा उपाध्यक्ष लक्ष्मी देवकोटाले स्वागत तथा सचिव सुर्यप्रसाद बरालले कार्यक्रम सञ्चालन गरेका थिए ।

# जनताको समस्याप्रति सरकार गम्भीर छः सञ्चारमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
लमजुङ, १० कार्तिक

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जनताका समस्या समाधान गर्न वर्तमान सरकार गम्भीर रहेको बताउनुभएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) जिल्ला कमिटीद्वारा दसैं, तिहार, नेपाल संवत्, छठका अवसरमा बेँसीसहर नगरपालिका-८ मा शनिबार बिहान आयोजित कार्यक्रममा उहाँले सरकारले बाढीपहिरो पीडित, सहकारीपीडित, कृषक, व्यवसायी, निर्माण व्यवसायीलगायतसबैपेसाकर्मीलाई सहयोग पुग्नेगरी सरकारले काम गरिरहेको बताउनुभयो ।

बाढीपहिराबाट अतिप्रभावित पालिकालाई रु एक करोड, मध्यम क्षति भएकालाई रु ६० लाख प्रदान गर्ने निर्णय सरकारले गरेको जानकारी दिँदै उहाँले अस्थायी बासको व्यवस्था पनि सरकारले गर्ने बताउनुभयो । मन्त्री गुरुङले ३० लाख दूध किसानमध्ये १५ लाख किसानका समस्या समाधान गर्नेदेखि निर्माण व्यवसायीलाई भुक्तानी दिनेसम्मका काम सरकारले प्राथमिकताका साथ पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

वर्तमान सरकार गठन भएयता आफूहरूले मुलुकको अर्थतन्त्रमा सुधार गर्न हरसम्भव प्रयास गरिरहेको, प्रधानमन्त्री केपी ओलीले अन्तर्राष्ट्रिय सम्बन्ध तथा छिमेकीहरूसँगको सम्बन्ध विस्तारमा विशेष जोड दिनुभएको, देशलाई विश्व बैंक, एसियाली विकास बैंकका साथै युरोपेली बैंकहरूले पनि वातावरण, शिक्षा र स्वास्थ्य क्षेत्रमा खुला हृदयले सहयोग गरिरहेका सञ्चारमन्त्री गुरुङले बताउनुभयो । सहकारीको रकम ठगीमा मुछिएका सबैलाई छानबिनको दायरामा ल्याइने र ठगीको अभियोगमा अनुसन्धानका निम्ति प्रहरीको नियन्त्रणमा रहेका सबैलाई कानुनअनुसार कारबाही हुने उहाँले बताउनुभयो । ऐनकानुन विपरीत गर्ने सबैलाई कानुनको दायरामा ल्याउने प्रतिबद्धता व्यक्त गर्दै सञ्चारमन्त्री गुरुङले सत्तापक्ष र विपक्ष नहेरिने, कसैको दबाब र प्रभावमा सरकार नपर्ने प्रष्ट पार्नुभयो ।

"सामाजिक सञ्जाललाई व्यवस्थित गर्न सरकारले नीति तर्जुमा गर्न लागेको छ । यो जमाना आइटी र सूचनाको हो, सञ्चार मन्त्रालयले नागरिक एपमार्फत सबै काम गर्नेछ । फोरजी सेवाको काम ८० प्रतिशत पूरा भएको छ । राष्ट्रिय परिचयपत्र, राहदानी, बैंक नोट स्वदेशमा नै छाप्ने योजना छ", विदेशमा छापिँदै आएको हुलाक टिकट हाल स्वदेशमा नै छापिने गरेको जानकारी दिँदै उहाँले भन्नुभयो ।


गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रथम पटक प्रकाशित सूचना २०८१२/०७/०८

यस कार्यालयबाट मिति २०७७/०५/२१ मा कास्की जिल्ला पोखरा ३१ कास्कीमा संचालन गर्ने गरि पोखरा ३१ कास्की निवासी तारा क्षेत्रीको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १७३७१/०७७/०७८ को रन्जना रेष्टुरेण्ट नामक प्राईभेट फर्मको प्रोप्राईटरले मिति २०८१/०७/०८ मा फर्म बन्द गरीपाँउ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# जातीय पोसाकमा सजिएर कौरामा रमाए विदेशी पर्यटक

पोखरापत्र संवाददाता
दमौली, १० कार्तिक

तनहुँको पर्यटकीय नगरी बन्दीपुर घुम्न आएका विदेशी पर्यटक जातीय पोसाकमा सजिएर कौरामा रमाएका छन् । विभिन्न देशबाट बन्दीपुर भ्रमणका लागि आएका विदेशी पर्यटकले विभिन्न जातजातिका पोसाकमा सजिएर कौरा र चुड्कामा नाचेका हुन् ।



बन्दीपुरमा बसोबास गर्ने नेवार, मगर, गुरुङ, क्षत्री जातिका पोसाकमा सजिएर पर्यटक कौरा र चुड्कामा नाचेका छन् । स्थानीय होटल व्यवसायीको सक्रियतामा शुक्रबार उनीहरूलाई यहाँको संस्कृतिबारे जानकारी गराउँदै मनोरञ्जन गराइएको छ ।

बन्दीपुर पर्यटन विकास समितिका अध्यक्षसमेत रहनुभएका हेरिटेज गेष्ट हाउसका सञ्चालक किसान प्रधानले विदेशी पर्यटक यहाँको संस्कृति देखेर आकर्षित भएको बताउनुभयो । उहाँले भन्नुभयो, "विदेशीहरूले यहाँको संस्कृति, रीतिरिवाजबारे बुझ्ने प्रयास गरेपछि उनीहरूलाई विभिन्न जातजातिका पोसाकको व्यवस्था गराएर स्थानीयवासीको सहयोगमा नचायौँ । उनीहरू निकै खुसी देखिए ।" स्थानीयवासीले गाएको गीतमा नाच्न पाउँदा विदेशी पर्यटक खुसी देखिएका थिए । प्रधानले भन्नुभयो, "बन्दीपुर घुम्न आउने पर्यटक यहाँको संस्कृति, रीतिरिवाज, जातजातिको एकता देखेर मोहित हुन्छन् ।" बन्दीपुरमा यतिबेला आन्तरिक तथा बाह्य पर्यटकको आगमन बाक्लिएको छ । बन्दीपुर गाउँपालिकाले पर्यटन प्रवर्द्धनका लागि भिजिट बन्दीपुर २०२५ घोषणा गरिसकेको छ ।

बन्दीपुरमा जापान, चीन, इटाली, स्पेन, नेदरल्यान्ड, फ्रान्स, अमेरिका, जर्मनी, डेनमार्क, पाकिस्तान, अस्ट्रेलिया, बेलायत, आयरल्यान्ड, दक्षिण कोरिया, बेल्जियम, थाइल्यान्ड, ताइवान, स्विटजरल्यान्ड, मलेसिया, होल्यान्ड, पोर्चुगल, चेक रिपब्लिक, इरान, भारत, ग्रिस र अर्जेन्टिनाका पर्यटक आउने गरेको तथ्याङ्क रहेको प्रधानले जानकारी दिनुभयो । गाउँपालिकाले सन् २०२५ लाई भ्रमण वर्षका रूपमा मनाउन लागेको छ । गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाका अनुसार उक्त वर्षभरि नै बन्दीपुरमा पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । देशका मुख्य सहर काठमाडौँ, पोखरा, चितवन, लुम्बिनीलगायत पुगेर बन्दीपुरको प्रचारप्रसार गरिने थापाले बताउनुभयो ।

पर्यटन प्रवर्द्धनकै निमित्त बन्दीपुरमा आगामी माघ महिनामा अन्तर्राष्ट्रिय साइक्लिङ प्रतियोगिताको तयारी गरिएको छ । पर्यटनलाई आम्दानीको मुख्य स्रोत मानेर धेरैभन्दा धेरै पर्यटक भित्र्याउन विभिन्न कार्यक्रम गरिने थापाको भनाइ छ । उहाँले भन्नुभयो, "विशेष संरक्षित क्षेत्र तथा पौराणिक सहरका रूपमा रहेको बन्दीपुर बजारलाई थप आकर्षक बनाउन पौराणिकता झल्किने खालका कार्यक्रम सञ्चालन हुनेछ ।" खड्गदेवी मन्दिर, थानीमाई मन्दिर, महालक्ष्मी मन्दिर, सिद्धगुफा मणि मुकुन्दसेन पैदलयात्रा (मिनी ग्रेटवाल), तीनधारा, झरनापानीको फोहरा, टुँडिखेल, मणिमुकुन्द सेन दरबार, पदम पुस्तकालयलाई गाउँपालिकाले प्रमुख गन्तव्यका रूपमा सूचीकृत गरेको छ ।

भक्तपुरे शैलीमा निर्माण गरिएको घरहरू, टुँडिखेल, थानीमाई, तीनधारा, रानीबन, रामकोट, सुनखरी, खड्गदेवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्र लगायतका स्थल पर्यटकहरू लागि आकर्षणको केन्द्रविन्दु भएको छ । सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ । जहाँबाट मनोरम हिमशृङ्खला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ । प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायत हिमशृङ्खला देखिने भएकाले यहाँ पुगे जो कसैको मन लोभिने गर्दछन् ।

# वन पैदावार समृद्धिको आधार बन्नु पर्नेमा जोड

पोखरापत्र संवाददाता
पोखरा, १० कार्तिक

वन प्रदावारलाई समृद्धिको आधार बनाउनु पर्नेमा शनिबारयहाँ आयोजित एक कार्यक्रमका सहभागिले जोड दिएका छन् ।



सामुदायिक वन उपभोक्ता महासंघ पोखरा महानगर महासंघद्धारा आयोजित क्षेमता अभिबृद्धि कार्यक्रममा बोल्ने बक्ताहरुले सो कुरामा जोड दिएका हुन ।

स्वदेशी काठको प्रयोग गर्दै विदेशी काठलाई विस्थापित गर्नुपर्ने बताउँदै बक्ताहरुले वन पैदावार उपयोगमा देखिएका नीतिगत समस्या समाधानका लागि तीनै तहका सरकार जिम्मेवार भएर लाग्नु पर्ने आवश्यकता औल्याए । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले सो कार्यक्रमको उद्घाटन गर्दै जिव र जगतसंग जोडिएको वनको संरक्षणसँगै हरित रोजगार श्रृजना गर्नुपर्नेमा जोड दिनुभयो । वन क्षेत्रको संरक्षण, प्रवर्द्धन र विकासमा सामुदायिक वनको समुहको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्दै अवका दिनमा यसलाई समृद्धिसंग जोड्नु पर्ने आवश्यकता औंल्याउनुभयो । हरियाली प्रवर्द्धनसँगै वातावरण संरक्षणका लागि सामुदायिक वन समुहसंग साझेदारी गरेर अघि बढ्नुको विकल्प नभएको बताउँदै प्रमुख आचार्यले वन समुहलाई महानगरमा सुचिकृत हुन आग्रह गनुभयो । महानगरले सामुदायिक वन लगायत सहरी क्षेत्रको खाली जग्गामा सांस्कृतिक झल्कन र आयआर्जन हुने खालका दुई लाख भन्दा बढी विरुवा रोप्ने तयारी गरिरहेको जानकारी दिनुभयो । कार्यक्रममा आन्तरिक राजस्व कार्यालयबाट वन समुहलाई स्थायी लेखा नम्बर लिनका लागि आवश्यक कागजात, परिवर्तित सन्दर्भमा वनका नीतिका वारेमा जिभिजन वन कार्यालय, कृषि विकास बैंककोतर्फबाट वित्तिय साक्षरता, रेड कार्यान्वयन सम्बन्धी जानकारी गराइएको थियो । महानगरमा ३७८ सामुदायिक वन आवद्ध रहेको नगर महासंघका अध्यक्ष कमल भुजेलले जानकारी दिनुभयो । कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ केन्द्र, प्रदेश, जिल्ला र वडा महासंघका गरि ४३१ जनाको सहभागिता रहेको थियो ।

# रेडक्रस सोसाइटी पोखरा-३२ उपशाखाको कार्यसमिति सर्वसम्मत

पोखरापत्र संवाददाता
पोखरा, १० कार्तिक

नेपाल रेडक्रस सोसाइटी पोखरा- ३२ उपशाखाको १५ औं वार्षिक साधारणसभा तथा सातौं अधिवेशनले विन्दुराज तिवारीको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ ।



कार्यसमितिको महिला उपसभापतिमा विमला कुमारी थापा बस्नेत, सचिवमा विष्णुबहादुर बस्नेत, कोषाध्यक्षमा कीर्तिराज खनाल, उपसचिवमा भक्तबहादुर केसी, उपकोषाध्यक्षमा राजकुमार श्रेष्ठ, महिला सदस्यमा देवी तिवारी निर्वाचित बन्नुभएको छ । कार्यसमितिका सदस्यहरूमा महेन्द्रराज धमला, प्रकाश पन्थी, मनमाया लामा र कृष्ण बस्नेत निर्वाचित बन्नुभएको छ । यस अघि कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं ३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्कीले रेडक्रसका सात सिद्धान्तलाई आत्मसात गरी अघि बढ्नुपर्नेमा जोड दिनुभयो । रेडक्रसको भवन निर्माणका लागि आँफू सदैव सकारात्मक भएको बताउँदै उहाँले वडा भित्रका हरेक विकास निर्माणमा सबैको एकतावद्ध र सामुहिक प्रयास आवश्यक भएको बताउनुभयो । नेपाल रेडक्रस सोसाइटी पोखरा - ३२ उपशाखाका सभापति किसान परियारले विपद् लगायतका हरेक गतिविधिमा उपशाखा कृयाशिल बनेको बताउनुभयो । भवन निर्माण कार्यलाई निष्कर्षमा पुऱ्याउन सबैको साथ र सहयोग आवश्यक हुनेमा उहाँले जोड दिनुभयो । तनहुँ जिल्लासँग समेत जोडिएको यस क्षेत्रमा एम्बुलेन्सको अपरिहार्य आवश्यकता रहेको उहाँले बताउनुभयो । उपशाखाका पूर्व सभापति मेघराज पौडेलले उपशाखा स्थापना भए यता संस्था निरन्तर क्रियाशिल बनिरहेको बताउँदै आगामी दिनमा अझै प्रभावकारी रुपमा अघि बढ्नुपर्नेमा जोड दिनुभयो । उपशाखा सभापति किसान परियारको सभापतित्व एवम् सचिव विन्दुराज तिवारीले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत सहकोषाध्यक्ष विमला थापाले गर्नुभएको थियो भने सात सिद्धान्त वाचन महिला सदस्य देवी तिवारीले गर्नुभएको थियो । नेपाल रेडक्रस जिल्ला उपसभापति, विपद् व्यवस्थापन समितिका संयोजक एवम् निर्वाचन समितिका संयोजक उर्मिला खड्का, प्रादेशिक रक्तसञ्चार केन्द्र प्रमुख एवम् निर्वाचन समिति सदस्य अर्जुन ज्ञवाली, जिल्ला शाखाका कर्मचारी एवम् निर्वाचन समिति सदस्य सञ्जय पौडेल, नेपाली काँग्रेस पोखरा - ३२ का सभापति कुलप्रसाद अधिकारी, नेकपा माओवादीका पार्टी प्रतिनिधि अर्जुन मल्ल, आजीवन सदस्यद्वय बसुन्धरा पौडेल र विष्णुबहादुर बस्नेत, गोगन मा.वि. जुनियर रेडक्रस सर्कलका संरक्षक मोहनराज बराल लगायतले बोल्नुभएको थियो । साधारणसभाले सचिव विन्दुराज तिवारीको प्रतिवेदन र कोषाध्यक्ष शरणकुमार प्रधानले प्रस्तुत गर्नुभएको कोषाध्यक्षको प्रतिवेदन पारित गरेको थियो । उक्त अवसरमा उपशाखाका तर्फबाट विभिन्न व्यक्तित्वलाई सम्मान गरिएको थियो ।

# लम्सालको अध्यक्षतामा एगाको नयाँ कार्यसमिति निर्वाचित

पोखरापत्र संवाददाता
पोखरा, १० कार्तिक

इम्ब्रोइडरी एण्ड गार्मेन्ट एशोसिएसन(एगा) पोखराको २१ औं वार्षिक साधारणसभा तथा ११ औं अधिवेशनले गोकर्ण लम्सालको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ ।



एगाको शुक्रबार सम्पन्न अधिवेशनले उपाध्यक्षमा गीता ढकाल पौडेल, सचिवमा माया सुवेदी, सह सचिवमा सुरेन्द्र पौडेल र कोषाध्यक्षमा सुशिल ढकाललाई निर्वाचित गरेको छ ।

समितिका सदस्यहरूमा रामकृष्ण तिमल्सिना, रमेश सुवेदी, नारायण पाण्डे, होमराज भण्डारी र सुन्ती पुर्जा रहनुभएको छ । अधिवेशनका लागि पूर्व अध्यक्ष कृष्णकुमार श्रेष्ठको संयोजकत्वमा पूर्व अध्यक्षद्वय चिरञ्जिवी पोखरेल र जीवनाथ गौतम रहनुभएको निर्वाचन समिति गठन गरिएको थियो । साधारणसभाले सचिव गीता ढकाल( पौडेल)ले प्रस्तुत गर्नुभएको सचिवको प्रतिवेदन र कोषाध्यक्ष माया सुवेदीले प्रस्तुत भएको कोषाध्यक्षको प्रतिवेदन पास गरेको छ । यस अघि कार्यक्रमको उद्घाटन गर्दै नेपाल पर्यटन बोर्डका सदस्य ऋषि भण्डारीले स्वदेशी उत्पादनका माध्यमबाट स्वदेश एवम् विदेशमा एगाले पर्यटन प्रवर्द्धन गरिरहेको बताउनुभयो । हाम्रा उत्पादनलाई राष्ट्रिय ड्रेसका रुपमा उपयोग हुन सकेमा त्यसले रोजगारी सिर्जनासँगै विदेश पलायनलाई रोक्ने उहाँले बताउनुभयो । एगा पोखराका पूर्व अध्यक्ष एवम् पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष चिरञ्जिवि पोखरेलले प्रवर्द्धनात्मक सामाग्रीका माध्यमबाट नेपालको पर्यटकीय विकासमा एगाले पुऱ्याएको योगदान अतुलनीय रहेको बताउनुभयो । पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट यथासक्य चाँडो अन्तराष्ट्रिय उडान सञ्चालन गर्नेतर्फ सबै लाग्नुपर्ने उहाँले आवश्यकता औंल्याउनुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पर्यटन क्षेत्रको विकासमा लागि राज्य, निजी क्षेत्र सबैको सामुहिक प्रयास आवश्यक हुने बताउनुभयो । एगा पोखराका अध्यक्ष इन्द्रप्रसाद भण्डारीले उत्पादनमा आधारित भएर आन्तरिक तथा बाह्य दुबैतर्फ बस्तुविनिमय गरिरहेको एगाले पर्यटनका क्षेत्रमा ठूलो योगदान पुऱ्याइरहेको बताउनुभयो । एगा पोखराका अध्यक्ष इन्द्रप्रसाद भण्डारीको अध्यक्षता एवम् सचिव गीता ढकालको सञ्चालनमा भएको कार्यक्रममा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख नविन पोखरेल, नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्मा, पोखरा टेलिभिजनका प्रवन्ध निर्देशक माधव पनेरु, टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्य, पर्यटन विज्ञ दीपेन्द्र पहारी, नेपाल टुरिज्म एण्ड होटेल म्यानेजमेन्ट कलेजका प्रिन्सिपल प्रकाश रेग्मी, संस्थाका उपाध्यक्ष गोकर्ण लम्साल लगायतले बोल्नुभएको थियो । कार्यक्रमकै अवसरमा पत्रकारिताका माध्यमबाट योगदान पुऱ्याएको भन्दै पोखरा टेलिभिजनका प्रबन्ध निर्देशक माधव पनेरुलाई सम्मान गरिएको थियो । कार्यक्रममा एगाका पूर्व अध्यक्ष चिरञ्जिवी पोखरेललाई निशुल्क रुपमा कार्यालय सञ्चालनका लागि योगदान पुऱ्याएको भन्दै सम्मान गरिएको थियो भने अर्का पूर्व अध्यक्ष विश्वराज पोखरेललाई उत्कृष्ट व्यवसाय एवम् पसल सजावट वापत सम्मान गरिएको थियो । त्यस्तै कार्यसमितिमा उत्कृष्ट भूमिका निर्वाह गरेको भन्दै उपाध्यक्ष गोकर्ण लम्साललाई सम्मान गरिएको थियो । कार्यक्रमका अवसरमा संस्थाका पूर्व अध्यक्षहरु, विभिन्न कार्यक्रमका संयोजकलाई पनि सम्मान गरिएको थियो ।

# जाडो बढे पनि पर्वतमा डेङ्गीका बिरामी घटेनन्

पोखरापत्र संवाददाता
पर्वत, १० कार्तिक

जाडोयाम सुरु भए पनि यस वर्ष जिल्लामा डेङ्गीका बिरामी घटेका छैनन् । आवश्यक सावधानी नअपनाउँदा गत वर्षभन्दा यस वर्ष सङ्क्रमितको सङ्ख्या एक हजार दुई सय ८९ ले बढेको जिल्लास्थित स्वास्थ्य कार्यालयले जनाएको छ ।

कार्यालय प्रमुख प्रवीण शर्माका अनुसार अघिल्लो वर्षको तुलनामा यस वर्ष साढे पाँच सय प्रतिशतभन्दा बढी व्यक्तिमा सङ्क्रमण भइसकेको छ । गत वर्ष दुई सय २५ मा सङ्क्रमण देखिएकामा यस वर्षको हालसम्म एक हजार पाँच सय १४ जना सङ्क्रमित भइसकेको उहाँले जानकारी दिनुभयो ।

अहिले पनि जिल्लाका अस्पताल तथा स्वास्थ्य संस्थामा आउने बिरामीमा सङ्क्रमण पुष्टि भइरहेकाले सङ्क्रमितको सङ्ख्या अझै बढ्ने प्रमुख शर्माले बताउनुभयो । जाडो मौसम भए पनि बिरामीको सङ्ख्या बढिरहेको भन्दै डेङ्गी र मौसमी फ्लूका बिरामीले अहिले अस्पताल भरिभराउ बनेका उहाँले उल्लेख गर्नुभयो । स्वास्थ्य कार्यालयका प्रमुख शर्माका अनुसार सङ्क्रमितमध्ये सबैभन्दा बढी कुश्मा नगरपालिकामा एक हजार एक सय ७१ जना छन् । यो कूल सङ्क्रमितको ८२.८१ प्रतिशत हो । त्यस्तै फलेवास नगरपालिकामा ७५, मोदी गाउँपालिकामा ४८, जलजला गाउँपालिकामा २३ जना, पैंयु गाउँपालिकामा सात, विहादी गाउँपालिकामा सात, महाशीला गाउँपालिकामा चार र बाँकी अन्य जिल्लाबाट आएकामा सङ्क्रमणको पुष्टि भएको उहाँले जानकारी दिनुभयो । लामखुट्टेको टोकाइ बढ्दै जाँदा डेङ्गीको जोखिम पनि बढ्दै जाने भएकाले सचेत हुन स्वास्थ्य कार्यालय पर्वतले अनुरोध गरेको छ । लामखुट्टेको टोकाइबाट बच्न आफ्नो घर वरपर, कार्यस्थल र सार्वजनिक ठाउँमा पानी जम्न नदिने, पानी राख्ने भाँडा लामखुट्टे नछिर्ने गरी छोप्ने, लामखुट्टे भगाउने धूप बाल्ने र मलम लगाउने, झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, झुल लगाएर मात्र सुत्ने, पूरै शरीर ढाक्नेगरी लुगा लगाउनुपर्ने चिकित्सकहरूको सुझाव छ ।

अस्पतालमा परीक्षण गरिएको तथ्याङ्कबाहेक निजी अस्पताल र क्लिनिकहरूमा पनि उल्लेख्य सङ्ख्यामा सङ्क्रमित फेला परेको जानकारी प्राप्त भइरहेको अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेंट डा हेमन्त बास्तोलाले बताउनुभयो । डेङ्गीसँग मिल्दोजुल्दो लक्षण देखिएका बिरामीको दैनिक चाप बढ्दै गएको भन्दै जटिल प्रकृतिका बिरामीको मात्र परीक्षण गर्ने गरिएको उहाँले जानकारी दिनुभयो ।

डा बास्तोलाका अनुसार दैनिक २० देखि ३० जना सङ्क्रमित भेटिएका छन् । सरकारले उपलब्ध गराएको डेङ्गी परीक्षण किट सकिएर अहिले आन्तरिक स्रोतबाट व्यवस्थापन गरिएकाले जटिल लक्षण देखिएका बिरामीको मात्रै परीक्षण गर्न थालिएको उहाँले बताउनुभयो । बिरामी बढेकाले अस्पताललाई आर्थिक भार बढेको उहाँले बताउनुभयो ।

अधिकांश बिरामीले निजी मेडिकलबाट औषधि किनेर खाने गरेका औषधि व्यवसायीहरूले बताएका छन् । लक्षण देखिएका सबै बिरामी अस्पताल जाने सङ्ख्या अझै वृद्धि हुने व्यवसायीहरू बताउँछन् ।

# रघुगङ्गाको राष्ट्रपति रनिङ शिल्ड मुक्तिधामले जित्यो

पोखरापत्र संवाददाता
म्याग्दी, १० कार्तिक

म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ पिप्लेमा आज सम्पन्न गाउँपालिकास्तरीय पाँचौं राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगितामा भगवतिको मुक्तिधाम मावि विजयी भएको छ ।

नौ वटा स्वर्ण, पाँच/पाँच वटा रजत र कास्य गरि १९ वटा पदक जितेको मुक्तिधामले नगद रु ५५ हजार पुरस्कारसहित रनिङ शिल्ड प्राप्त गरेको छ । आठ स्वर्ण, चार रजत र तीन वटा कास्य पदक जितेको साविक विजेता रघुगङ्गा मावि पिप्लेले दोस्रो स्थानमा सीमित हुँदै रु ३५ हजार नगद पुरस्कार प्राप्त गरेको छ । छ स्वर्ण, आठ रजत र चार कास्य पदक जितेको अमर मावि पाखापानी तेस्रो हुँदै रु २५ हजार नगद पुरस्कार हात पारेको छ । चौथो भएको महेन्द्र मावि भिलेले छ स्वर्ण, तीन रजत र छ कास्य पदक जितेको थियो । दुई वटा आधार भूत सहित १२ वटा विद्यालयले सहभागिता जनाएको प्रतियोगिता तीन दिनसम्म सञ्चालन भएको थियो । भलिबल, एथलेटिक्स र कबड्डी विधातर्फ छात्र र छात्राहरूको १३/१३ इभेन्टमा प्रतियोगिता सञ्चालन गरिएको गाउँ कार्यपालिकाका प्रवक्ता मनकुमार शेरपुञ्जाले जानकारी दिनुभयो । प्रतियोगितामा विजयी खेलाडीहरुलाई गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारी, सामाजिक विकास समितिका संयोजक रहेका शेरपुञ्जा, प्रमुख प्रशासकीय अधिकृत चेतनारायण भण्डारी लगायतले पुरस्कार वितरण गर्नुभएको थियो ।